# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन स्वमूल्याङ्कन कार्यविधि, २०७७

<u>प्रस्तावना:</u> स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस कार्यविधिको नाम "स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिम कूल १०० पूर्णाङ्कमा निर्धारित सूचक अनुसारको प्राप्त गर्न सकिने अधिकतम अङ्कलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "प्रतिवेदन" भन्नाले स्वमूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनु पर्छ। सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(घ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सूचक" भन्नाले यस कार्यविधिको अनुसूची २ मा उल्लेख गरिएका सूचकहरुलाई सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

(छ) "स्वमूल्याङ्कन" भन्नाले गाउँपालिका /नगरपालिकाले दफा ३ को उपदफा (१) बमोजिमका विषय क्षेत्रमा भएको उपलब्धी र उपलब्धी हासिल गर्न अवलम्बन गरिएको प्रक्रियालाई सम्झनु पर्छ ।

## परिच्छेद २

### स्वमूल्याङ्कनको विषयक्षेत्र र सूचकहरु

३. स्वमूल्याङ्कनका विषयक्षेत्रहरुः (१) यस कार्यविधिको अधीनमा रही स्थानीय तहको स्वमूल्याङ्कनका विषयक्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः-

(क) शासकीय प्रबन्ध
(ख) सँगठन तथा प्रशासन
(ग) वार्षिक बजेट तथा योजना व्यवस्थापन
(घ) वित्तीय एवं आर्थिक व्यवस्थापन
(ङ) सार्वजनिक सेवा प्रवाह
(च) न्यायिक कार्यसम्पादन
(छ) भौतिक पूर्वाधार
(ज) सामाजिक समावेशीकरण
(झ) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
(ञ) सहकार्य र समन्वय

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्र अन्तर्गत अनुसूची १ अनुसारका मूल्याङ्कनका सूचकहरू रहनेछन् ।

(३) उपदफा (१) बमोजिमका क्षेत्रहरुको स्वमूल्याङ्कनका सूचकहरूको अङ्कभार गणना अनुसूची २ बमोजिम हुनेछ।

## परिच्छेद ३

## स्वमूल्याङ्कनका प्रकृया तथा अङ्कभार

४. <u>स्वमूल्याङ्कन प्रकृयाः</u> (१) सबै स्थानीय तहले देहाय बमोजिम स्वमूल्याङ्कन प्रकृया अवलम्बन गर्नुपर्नेछः-

(क) निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुलाई स्वमूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने।

(ख) विषय क्षेत्रहरुको स्वमूल्याङ्कन कार्यका लागि स्थानीय तहका सम्वन्धित विभाग, महाशाखा, शाखा, लाई संलग्न गराउने।

(ग) सबै विभाग, महाशाखा, शाखा वा हरुसँग समन्वय गर्न प्रमुख प्रशासकीय अधिकृतले एक जना अधिकृत कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने।

(घ) विभाग, महाशाखा, शाखा, ले आफ्नो विषयक्षेत्रसँग सम्बन्धित सूचकको लेखाजोखा गरी यसको नतिजा सम्पर्क व्यक्तिलाई उपलब्ध गराउने।

(ङ) सम्पर्क व्यक्तिले एकीकृत रूपमा प्रारम्भिक नतिजा प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

(च) प्रमुख प्रशासकीय अधिकृतले सम्पर्क व्यक्तिबाट प्राप्त प्रारम्भिक एकीकृत नतिजा छलफलका लागि कार्यपालिकाको बैठकमा पेश गर्ने।

(छ) कार्यपालिकाले प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गरी सम्वन्धित विषय क्षेत्रको यथार्थ अङ्कभार निर्धारण गर्ने।

(ज) स्वमूल्याङ्कनको अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गर्ने।

(झ) कार्यपालिकाले अनुमोदन गरेको ७ दिनभित्र मूल्याङ्कनको नतिजा कार्यालयको वेवसाइट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने।

(ञ) स्वमूल्याङ्कनको अन्तिम नतिजाको प्रति कार्यपालिकाको बैठकबाट अनुमोदन भएको ७ दिनभित्र सम्वन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मन्त्रालयमा पठाउने।

(ट) स्वमूल्याङ्कनको अन्तिम नतिजा छलफलको लागि सभामा पेश गर्ने।

(२) उपदफा (१) बमोजिमको प्रक्रियाबाट गरिने स्वमूल्याङ्कन मन्त्रालयबाट उपलब्ध गराइने सूचना प्रविधिमा आधारित ढाँचा (सफ्टवयर) अनुसार गर्नुपर्नेछ।

५. अङ्कभार निर्धारण: दफा ३ बमोजिम निर्धारित सूचकहरुलाई प्रति सूचक अधिकतम अङ्कभार १ राखी मूल्याङ्कन गर्नुपर्नेछ ।

६. स्वमूल्याङ्कन गरिने समयावधि: (१) स्थानीय तहले दफा ४ अनुसारको स्वमूल्याङ्कनको कार्य प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वमूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्य सम्मका तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्क गणना गर्नु पर्नेछ ।

(३) स्थानीय तहले स्वमूल्याङ्कनको नतिजा माघको पहिलो हप्ताभित्र आ-आफ्नो वेवसाइट र सूचनापाटीमा प्रकाशित गरी सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) स्थानीय तहले स्वमूल्याङ्कन गर्दा अनुसूची ५ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

## परिच्छेद - ४

## मन्त्रालयको जिम्मेवारी

८. सफ्टवयर प्रयोगमा ल्याउनेः मन्त्रालयले यस कार्यविधि बमोजिम स्थानीय तहमा गरिने स्वमूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिकीकरण लगायतका कार्यमा सहयोग हुने सफ्टवयर तयार गरी प्रयोगमा ल्याउनेछ।

९. मन्त्रालयले स्वमूल्याङ्कन कार्यको लागि सहयोग र सहजीकरण गर्नसक्ने: (१) मन्त्रालयले यस कार्यविधि बमोजिम गरिने स्थानीय तहको स्वमूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन सम्वन्धित स्थानीय तहको माग र आवश्यकता अनुसार स्थलगत सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सहयोग तथा स्थलगत सहजीकरण मन्त्रालयले आफैं वा सम्वन्धित जिल्ला समन्वय समितिलाई जिम्मेवारी दिई गर्न सक्नेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम सहजीकरण गर्दा अघिल्लो आर्थिक वर्षको स्वमूल्याङ्कनमा कमजोर नतिजा प्राप्त हुने स्थानीय तहलाई प्राथमिकतामा राख्नेछ ।

१०. जिम्मेवारी तोक्नुपर्नेः यस कार्यविधि बमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले सम्बन्धित शाखालाई जिम्मेवारी तोक्नेछ ।

११. <u>नतिजाको विश्लेषण तथा पृष्ठपोषण गर्नुपर्ने:</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम प्राप्त हुने स्थानीय तहहरुको स्वमूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन जिल्लागत र प्रदेशगत रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछ ।

(३) मन्त्रालयले स्थानीय तहको स्वमूल्याङ्कन नतिजा विश्लेषण गरी कमजोर नतिजा देखिएका स्थानीय तहहरुको क्षमता विकासको लागि कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम स्थानीय तहलाई दिइएको पृष्ठपोषणको जानकारी सम्वन्धित जिल्ला समन्वय समितिलाई गराउनेछ ।

(५) मन्त्रालयले यस दफा बमोजिम तयार गरिएको स्वमूल्याङ्कन नतिजालाई अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग तथा आवश्यकता अनुसार नेपाल सरकारका अन्य निकायहरुलाई समेत उपलब्ध गराउन सक्नेछ ।

१२. <u>नतिजाको समीक्षा गर्ने:</u> (१) यस कार्यविधि बमोजिम प्राप्त स्वमूल्याङ्कन नतिजा उपर मन्त्रालयले प्रदेशगत रूपमा वार्षिक समीक्षा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने समीक्षामा सम्वन्धित प्रदेश तथा नेपाल सरकारका विषयगत मन्त्रालय र अन्य निकायलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

१३. <u>स्वमूल्याङ्कनको ढाँचा हेरफेर गर्न सक्ने:</u> (१) मन्त्रालयले स्वमूल्याङ्कनबाट प्राप्त नतिजा, स्थानीय तहको पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझावको आधारमा यस कार्यविधि बमोजिम गरिने स्वमूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वमूल्याङ्कन सूचक र अङ्कभारमा परिमार्जन, संशोधन वा थपघट गर्नु परेमा एक आर्थिक वर्षको परिणाम आइसके पश्चात् अर्को वर्षको स्वमूल्याङ्कन प्रक्रिया शुरु हुनुभन्दा कम्तीमा ३ महिना अगावै गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन वा हेरफेर गरिएको स्वमूल्याङ्कन सूचक र अङ्कभार सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार स्थानीय तहलाई अनुशिक्षण गर्न सक्नेछ ।

## परिच्छेद ५

## विविध

१४. कार्य सम्पादन सूचकको आधारको रूपमा लिन सकिनेः (१) यस कार्यविधि बमोजिम गरिएको स्वमूल्याङ्कन नतिजालाई स्थानीय तहको कार्यसम्पादन सूचकको आधारको रूपमा उपयोग गर्न सकिनेछ।

(२) स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्दा यस कार्यविधी बमोजिमको नतिजालाई समेत आधार मान्न सकिनेछ।

१५. बजेट ब्यवस्थाः (१) यस कार्यविधि बमोजिम गरिने स्वमूल्याङ्कनको क्रममा स्थानीय तहबाट सम्पादन गरिने कार्यका लागि आवश्यक बजेट सम्वन्धित स्थानीय तहले नै व्यवस्था गर्नुपर्नेछ।

१६. उत्कृष्ट स्थानीय तह घोषणा सम्बन्धी व्यवस्थाः (१) मन्त्रालयले स्वमूल्याङ्कन नतिजको आधारमा उत्कृष्ट स्थानीय तहहरूको घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्कृष्ट तह छनोट गर्दा गाउँपालिका र नगरपालिकालाई अलग अलग रूपमा गरिनेछ ।

१७. कार्यविधिको संशोधनः यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

१८. मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितताः (१) मन्त्रालयले मूल्याङ्कनको नतिजाको गुणस्तरको सुनिश्चितता परीक्षणको लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम मूल्याङ्कन नतिजाको गुणास्तर सुनिश्चितता परीक्षण मन्त्रालयले आफैं, सम्वन्धित जिल्ला समन्वय समिति वा तेस्रो पक्षलाई जिम्मेवारी दिई गर्न सक्नेछ ।

(३) जिल्ला समन्वय समितिले स्थानीय तहहरुको अनुगमन गर्दा यस कार्यविधीलाई आधार मान्न सक्नेछ।

१९. बाधा अड्काउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची १

## दफा ३ को उपदफा (२) सँग सम्बन्धित

## मूल्याङ्कनका सूचकहरुको तह र अङ्कभार

१. सूचकहरुः

(क) समग्र स्थितिः स्थानीय तहको समग्र अवस्था दर्शाउने सूचकहरु ।

(ख) प्रक्रियागत स्थितिः स्थानीय तहको दैनिक प्रशासन र सेवा प्रवाह तथा स्थानीय सरोकारका विषय सम्बोधन हुने खालका प्रक्रिया उन्मुख सूचकहरु ।

(ग) परिमाणात्मक स्थितिः तुलना गर्न, मापन गर्न र संख्यात्मक रूपमा उल्लेख गर्न सकिने प्रकृतिका नतिजामूलक सूचकहरु ।

२. सूचकका तह अनुसारको अङ्कभारः स्थिति विश्लेषणलाई निम्नानुसार अङ्कभार निर्धारण गरिएको छः

| मूल्याङ्कन तह | भार अनुपात | नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार |
|---|---|---|
| समग्र स्थिति | २१% | यसको लागि ४ वटा अवस्था तोकिएका छन् । सम्वन्धित स्थानीय तहको विभाग /महाशाखा /शाखा / प्रमुखले आफ्नो कार्यालयबाट सम्पादन भएका कामको अवस्थालाई छनोट गर्नुपर्नेछ । यसमा अवस्था १ को लागि शून्य अङ्क, अवस्था २ को लागि ०.५ अङ्क, अवस्था ३ को लागि ०.७५ अङ्क र अवस्था ४ को लागि १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ । |
| प्रक्रियागत स्थिति | ३४% | यसको अन्तर्गत ३ वटा (कमजोर, सामान्य  र उत्तम) अवस्था निर्धारण गरिएको छ । यसमा कमजोरका लागि शून्य अङ्क, सामान्यका लागि ०.५ अङ्क र उत्तमका लागि १ अङ्क निर्धारण गरिएको छ । |
| परिमाणात्मक स्थिति | ४५% | यस स्थिति अन्तर्गत प्रत्यक सूचकका लागि ३ वटा अवस्था (कमजोर, सामान्य र उत्तम) तोकिएको छ । यसमा कमजोरलाई शून्य, सामान्यलाई ०.५ र उत्तमलाई १ अङ्क निर्धारण गरिएको छ । |

<u>अनुसूची २</u>

दफा ३ को उपदफा (३) सँग सम्बन्धित

स्वमूल्याङ्कनका सूचकहरु

| स्व-मूल्याङ्कन विषयक्षेत्र - १ः शासकीय प्रबन्ध | | | | | |
|---|---|---|---|---|---|
| **१.१ समग्र स्थिति** | | | | | |
| **सूचक क्षेत्र** | **अवस्था -१** | **अवस्था -२** | **अवस्था -३** | **अवस्था -४** | **प्रमाणीकरणको आधार** |
| १.१.१ सभाको सञ्चालन प्रक्रिया (स्थानीय ससरकार सञ्चालन ऐनको दफा १९) | सभाको बैठक अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको जानकारी गराउने नगरिएको। (आधार नचाहिने) | सभाको बैठक भन्दा अगावै सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरूको स्पष्ट रूपमा लिखित पत्र मार्फत जानकारी गराउने गरिएको। (आधार १) | सभाको बैठक हुने मितिको ७ दिन भन्दा कम अवधिमा सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरू स्पष्ट रूपमा जानकारी गराउने गरिएको । (आधार १,२) | सभाको बैठक भन्दा ७ दिन अगावै सदस्यहरूलाई छलफल र निर्णय गर्नुपर्ने विषयहरू स्पष्ट रूपमा लिखित जानकारी गराउने गरिएको । (आधार १,२) | १. सभाका सदस्यहरुलाई दिएको पत्रको कार्यालय प्रति<br>२. विद्युतीय माध्यम प्रयोग गरिएको प्रमाण |
| १.१.२ कार्यपालिकाको निर्णय प्रक्रिया (स्थाससंऐ दफा १७) | छलफलका विषय र सो को निर्णय प्रमुखले भने अनुसारमात्र हुने गरेको । (आधार नचाहिने) | छलफलका विषय र सोको निर्णय कार्यपालिकामा पेश भएको कार्यसूची बमोजिम हुने गरेको । (आधार १,२) | निर्णय गर्नु पर्ने विषयमा खुला रूपमा छलफल भई बहुमतको आधारमा निर्णय हुने गरेको । (आधार १, २,३) | खुल्ला रूपमा छलफल भई सर्वसम्मत रूपमा निर्णयहरु हुने गरेको। (आधार १, २) | १. कार्यसूची /छलफलको विषय<br>२. उपस्थिति र निर्णय पुस्तिका<br>३. सदस्यहरुले आफ्नो भिन्न मत उल्लेख गरेको भए, सोको अभिलेख |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.३ सभा / कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण (स्थाससंऐ दफा १०२ को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक) | सभा / कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकीकरण गर्ने नगरेको।<br>(आधार नचाहिने) | सभा /कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरेको तर निर्णय सार्वजनिक गर्ने नगरेको।<br>(आधार १) | सभा /कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरेको र निर्णयहरु सूचना पाटी मार्फत मात्र सार्वजनिक गर्ने गरेको।<br>(आधार १, २) | सभा/कार्यपालिकाले बनाएका स्थानीय तथा निर्णयहरुको सार्वजनिकीकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरी निर्णयहरु वेबसाईट, सूचना पाटी र अन्य सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने गरेको।<br>(आधार १, २, ३) | १. निर्णयहरु उल्लेख भएको स्थानीय राजपत्रको प्रति<br>२. कार्यालयको सूचनापाटी मार्फत सारजनिकिकरण गरेको प्रमाण,<br>३. वेवसाइट वा पत्रपत्रिकाको वा रेडियो वा टेलिभिजन भए सोको प्रमाण। |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - १ः शासकीय प्रबन्ध | | | | |
|---|---|---|---|---|
| **१.२ प्रक्रियागत स्थिति** | | | | |
| **विषय सम्बन्धी सूचक** | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| १.२.१ सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि (स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७) | स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कुनै कार्यविधि निर्माण नगरिएको ।<br>(आधार नचाहिने) | स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका केही समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भएको तर कार्यान्वयन नभएको।<br>(आधार १) | स्थाससंऐनमा व्यवस्था भएका कार्यपालिकाका सबै समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयन भएको।<br>(आधार १, २,) | १. कार्यविधिको प्रति,<br>२. समिति/उप-समितिको निर्णय पुस्तिका ।<br>३. (वेवसाईटमा उपलब्ध भए सो को लिंक राख्ने) |

| | | | | |
|---|---|---|---|---|
| १.२.२ कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि)<br>(स्थाससंऐ दफा १७) | कार्यपालिकाको बैठक सञ्चालनको विधि निर्धारण नभएको।<br><br>(आधार नचाहिने) | कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप आशिंक रूपमा पालना भएको।<br><br>(आधार १,२,३) | कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप सञ्चालन हुने गरेको।<br><br>(आधार १,२,३) | १. बैठक सञ्चालन विधिको प्रति<br>२. कार्यसूची/ छलफलको विषय सहितको बैठक बारे जानकारी गराएको प्रमाण (पत्र, इमेल, SMS आदि)<br>३. उपस्थिति र निर्णय (असहमतिका बुँदा सहित) |
| १.२.३ आन्तरिक नियन्त्रण प्रणाली<br>(स्थाससंऐ दफा ७८) | गाउं/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको।<br><br>(आधार नचाहिने) | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार भएको तर कार्यान्वयन नभएको।<br><br>(आधार १) | गाउँ/नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीका तयार गरी पूर्ण रूपमा कार्यान्वयन गरी नियमित अनुगमन र पृष्ठपोषण भएको ।<br>(आधार १,२,३) | १. आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका<br>२. अनुगमन प्रतिवेदन<br>३. सुझाव कार्यन्वयनको निर्णय र कार्यान्वयन प्रतिवेदन |
| १.२.४ स्थानीय तहका पदाधिकारी हरुको सम्पत्ती विवरण<br>(स्थाससंऐ दफा ११०) | स्थानीय तहका पदाधिकारीले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश नगरेको ।<br>(आधार नचाहिने) | स्थानीय तहका पदाधिकारी हरु मध्ये केहीले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको ।<br><br>(आधार १) | स्थानीय तहका पदाधिकारी हरु सबैले कानुन बमोजिम पेश गर्नुपर्ने सम्पत्ती विवरण पेश गरेको ।<br><br>(आधार १,२) | १. स्थानीय तहमा सम्पत्ती विवरण पेश गरेको दर्ता पुस्तिका,<br>२. प्रदेश सरकारमा सम्पत्ती विवरण पठाएको पत्रको प्रति। |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - १: शासकीय प्रबन्ध | | | | |
|---|---|---|---|---|
| **१.३ परिमाणात्मक स्थिति** | | | | |
| **सूचक** | **नतिजा** | | | |
| | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या<br>(स्थाससंऐ दफा १७, बैठककार्य सञ्चालन नियमावली) | मासिक रूपमा नियमित बैठक नबसेको।<br>(आधार १) | महिनामा १ पटक बैठक बसेको।<br>(आधार १) | महिनामा कम्तीमा १ पटक बैठक बसी पूर्व निर्णयहरूक कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने गरेको।<br>(आधार १ र २) | १. निर्णय पुस्तिका<br>२. समीक्षा भएको बैठकको निर्णय पुस्तिका |
| १.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग<br>(स्थाससंऐ दफा ७२) | SUTRA प्रयोग नभएको<br>(आधार नचाहिने) | योजना र बजेटमा मात्र SUTRA प्रयोग भएको<br>(आधार १) | योजना, बजेट र खर्चमा SuTRA प्रयोग भएको<br>(आधार १,२) | १. योजना तथा बजेटको अभिलेख<br>२. खर्चको प्रतिवेदन |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - २: सँगठन तथा प्रशासन | | | | | |
|---|---|---|---|---|---|
| **२.१ समग्र स्थिति** | | | | | |
| **सूचक क्षेत्र** | **अवस्था -१** | **अवस्था- २** | **अवस्था- ३** | **अवस्था- ४** | **प्रमाणीकरणको आधार** |
| २.१.१ गाउँ/नगरपालिकाको क्षमता विकास ।<br>(स्थाससंऐ को दफा १०२.२) | क्षमता विकास योजना तयार नभएको र क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन नभएको।<br>(आधार नचाहिने) | क्षमता विकास योजना तयार भएको तर बजेट विनियोजन नभएको ।<br>(आधार १) | क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ६० प्रतिशत भन्दा बढी कार्यान्यवयन भएको।<br>(आधार १,२) | क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ८० प्रतिशत भन्दा बढी कार्यान्यवयन भएको।<br>(आधार १,२) | १. क्षमता विकास योजनाको प्रति।<br>२. क्षमता विकास कार्यक्रमको<br>३. प्रतिवेदन (तालिम योजना, हाजिर लगायत विवरण)। |
| २.१.२ प्रतिवेदन तथा विवरण प्रेषण।<br>(स्थाससंऐ दफा ७६ (५) र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, दफा ३२ (३)) | सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नपठाईएको।<br>(आधार नचाहिने) | सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु तोकिएको समय भन्दा ढिलो गरी पठाईएको ।<br>(आधार १,२) | सङ्घ र प्रदेश लाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाइएको ।<br>(आधार १,२) | सङ्घ र प्रदेशलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रूपमा तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेबसाइटमा राखिएको।<br>(आधार १,२,३) | १. चौमासिक प्रतिवेदन पठाएको कार्यालय प्रति<br>२. चलानी रजिष्ट्र वा इमेल को प्रति<br>३. Website को लिंक |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - २: सँगठन तथा प्रशासन | | | | |
|---|---|---|---|---|
| **२.२ प्रक्रियागत स्थिति** | | | | |
| **विषय सम्बन्धी सूचक** | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| २.२.१ विषयगत विभाग /महाशाखा शाखा/ उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण ।<br>(स्थाससंऐ दफा ८३ अनुसार) | कुनै पनि संरचनाको कार्यविवरण नै तयार नभएको।<br>(आधार नचाहिने) | केही मात्र संरचनाको कार्यविवरण तयार भएको तर कार्यान्वयन नभएको।<br>(आधार १ वा २, ३) | सबै संरचना तथा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको तथा विवरणहरूलाई वेवसाइटमा राखिएको ।<br>(आधार १,२,३) | १. संरचनागत कार्य विवरणको प्रति<br>२. संरचना तथा जनशक्तिको कार्य विवरणको प्रति<br>३. वेवसाइटमा कार्य विवरण राखिएको लिंक । |
| २.२.२ स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति।<br>(ऐनको दफा ८३ को उपदफा ८,९) | ऐन लागु भैसकेपछि पनि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा पनि स्थायी पदपूर्ती गरिएको।<br>(आधार नचाहिने) | ऐन लागु भैसकेपछि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारवाट सेवा लिईएको तर अवधि, पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा स्पष्ट नभएको।<br>(आधार १,२) | ऐन लागु भैसकेपछि स्थायी पदपूर्ती नगर्ने भनिएका पदहरुमा करारवाट मात्र सेवा लिईएको र करार सेवाको अवधि पारिश्रमिक र अन्य सुविधा करार सम्झौतामा उल्लेख गरिएको।<br>(आधार १,२, ३) | १. कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M प्रतिवेदन।<br>२. कार्यरत कर्मचारी (स्थायी, अस्थायी, करार) को विवरण<br>३. करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौता (एकै प्रकृतिका विषयका लागि, एक नमुना TOR) |

| | | | | |
|---|---|---|---|---|
| २.२.३ कर्मचारीहरुको कार्य सम्पादन सम्झौता । (स्थाससंऐ दफा १०२ को २ अनुसार) | कार्य सम्पादन सम्झौता प्रयोगमा नआएको । (आधार नचाहिने) | प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच मात्र कार्य सम्पादन सम्झौता भएको । (आधार १,२ ) | प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच र प्र.प्र.अ र विभाग /महाशाखा/शाखा प्रमुख बीच कार्य सम्पादन सम्झौता भएको । (आधार १,२,३) | १. कार्य सम्पादन गर्ने भन्ने निर्णय उल्लेखित पुस्तिका।<br>२. प्रशासकीय अधिकृत र प्रमुख/अध्यक्ष विचको कार्य सम्पादन सम्झौताको प्रति<br>३. सबै शाखा प्रमुख र प्रशासकीय अधिकृत विचको कार्य सम्पादन सम्झौताको प्रति |

**स्व-मूल्याङ्कन विषयक्षेत्र - २: सङ्गठन र प्रशासन**

**२.३ परिमाणात्मक स्थिति**

| सूचक | नतिजा | | | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| | कमजोर | सामान्य | उत्तम | |
| २.३.१ जनशक्ति क्षमता विकासमा लगानी (स्थाससंऐ दफा १०२ को २ अनुसार वनेको कार्यविधि) | कूल चालु खर्चको ०.५% भन्दा कम। (आधार १) | कूल चालु खर्चको ०.५% -१.५ % सम्म। (आधार १) | कूल चालु खर्चको १.५ % भन्दा बढी। (आधार १) | १. वार्षिक बजेट तथा खर्चको प्रतिवेदन |
| २.३.२ प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधी समेत) (स्थाससंऐ दफा ८४ अनुसार को कार्य सम्पादन प्रभावकारिता) | मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ५०% भन्दा कम उपस्थिति भएको। (आधार १) | मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ५०% देखि ७५% सम्म उपस्थिति भएको (आधार १) | मन्त्रालयले तोकेको प्र.प्र.अ. कूल कार्य दिनको ७५% भन्दा बढी उपस्थिति भएको। (आधार १) | १. हाजिर रजिष्ट्रर वा ई-हाजिरीको विश्लेशणात्मक विवरण |

| | | | | |
|---|---|---|---|---|
| २.३.३ क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता।<br>(स्थाससंऐ को दफा १०२ को २ अनुसार वनेको कार्यविधि)<br>(यस दफामा पदाधिकारी भन्नाले गाउँ /नगर सभाका सदस्यहरूलाई बुझाउनेछ । गणना गर्दा पदाधिकारी र कर्मचारीहरूको छुट्टाछुट्टै गणना गर्नुपर्नेछ।।) | कूल पदाधिकारी र कर्मचारीको ४० प्रतिशत भन्दा कम<br>(आधार १,२,३) | कूल पदाधिकारी र कर्मचारीको ४० प्रतिशत देखि ६० प्रतिशत सम्म<br>(आधार १,२,३) | कूल पदाधिकारी र कर्मचारीको ६० प्रतिशत भन्दा बढी<br>(आधार १,२,३) | १. कर्मचारीहरुको दरबन्दी विवरण वा स्वीकृत O&M र पदाधिकारीहरूको विवरण<br>२. कार्यरत कर्मचारी (स्थायी, अस्थायी, करार सहित) को विवरण ।<br>३. पदाधिकारी र कर्मचारीको क्षमता विकास कार्यक्रमको प्रतिवेदन (तालिम योजना, हाजिर लगायतका विवरण सहित) । |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन | | | | | |
|---|---|---|---|---|---|
| **३.१ समग्र स्थिति** | | | | | |
| **सूचक क्षेत्र** | **अवस्था -१** | **अवस्था- २** | **अवस्था- ३** | **अवस्था- ४** | **प्रमाणीकरणको आधार** |
| ३.१.१ वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा।<br>(स्थाससंऐ को दफा २४ अनुसार) | Spatial Based आवधिक विकास योजना, मध्यकालीन खर्च संरचना तयार नभएको।<br>(आधार नचाहिने) | Spatial Based आवधिक योजना तयार भएको तर मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम आवधिक योजनामा आधारित नभएको<br>(आधार १) | एकीकृत भूउपयोग योजना, यातायात गुरू योजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास योजना अनुसार मध्यकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रम तथा बजेट तयार भएको।<br>(आधार १,२) | एकीकृत भूउपयोग योजना, यातायात गुरू योजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास योजना तयार भई सो आधारमा मध्यकालीन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भएको।(आधार १,२,३) | १. वार्षिक कार्यक्रमको प्रति।<br>२. Spatial Based आवधिक योजना दस्तावेज।<br>३. मध्यकालीन खर्च संरचना दस्तावेज |
| ३.१.२ बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संबद्ध समिति र समन्वय<br>( स्थाससंऐ को दफा ६५, ६६ र ६७) | स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन नभएको<br>(आधार नचाहिने) | स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई यसको बैठकहरू बसेको<br>(आधार १,३) | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आफ्नो कार्यजिम्मेवारी अनुसार सबै कार्य सम्पादन गर्ने गरेको ।<br>(आधार १,२,३) | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारीस बमोजिम तर्जुमा भएको।<br>(आधार १,२,३) | १. समितिहरु गठन गर्ने निर्णय भएको निर्णय पुस्तिका।<br>२. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय<br>३. बजेट तथा कार्यक्रम समितिको निर्णय |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ३: वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| **३.२ प्रक्रियागत स्थिति** | | | | |
| **विषय सम्बन्धी सूचक** | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| ३.२.१ दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण (स्थाससंऐ को दफा २४ अनुसार ) | दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार नभएको। (आधार नचाहिने) | दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार भई आवधिक र वार्षिक योजनामा समावेश भएको । (आधार १,२) | दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा भई वार्षिक योजनामा समावेश गरी कार्यान्वयन भएको । (आधार १,२,३) | १. दीगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना<br>२. SDG Linkage सहितको आवधिक र वार्षिक योजना दस्तावेज,<br>३. वार्षिक तथा आवधिक योजनाको समीक्षा प्रतिवेदन। |
| ३.२.२ विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण (स्थाससंऐ को दफा ६६ को ३ अनुसार) | विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण नगरिएको। (आधार नचाहिने) | प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरिएको । (आधार १,२) | प्राथमिकता क्षेत्र निर्धारण गरी विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण गरी कार्यक्रम तर्जुमा गरिएको। (आधार १,२,३) | १. वजेट सिलिङ निर्धारण गरेको निर्णय पुस्तिका<br>२. योजनाको प्राथमिकता निर्धारणको निर्णय<br>३. वार्षिक कार्यक्रम |
| ३.२.३ बजेट प्रस्तुती तथा स्वीकृति (स्थाससंऐ को दफा ७१ अनुसार) | असार १० गतेभित्रमा आगामी आ.व.को आय व्यय अनुमान सहित बजेट तथा कार्यक्रम सभामा पेश नभएको र अषाढ मसान्तमा स्वीकृत नभएको। (आधार नचाहिने) | असार १० गते पश्चात बजेट पेश भए पनि अषाढ मसान्तभित्र स्वीकृत भएको। (आधार १,२) | असार १० गतेभित्र बजेट प्रस्तुती भई प्रयाप्त छलफल भई असार मसान्तभित्र स्वीकृत भएको । (आधार १,२) | १. सभामा वजेट पेश गरेको अभिलेख,<br>२. सभाको बैठक, उपस्थिति र निर्णय पुस्तिका |

| | | | | |
|---|---|---|---|---|
| ३.२.४ गैरसरकारी सङ्घ संस्थाहरुले गाउँ/नगर सभाबाट पारित गरी योजना कार्यान्वयन (स्थाससंऐन दफा २५) | गै.स.स.को कार्यक्रमहरू वार्षिक योजनामा समावेश नभएको। (आधार नचाहिने) | गै.स.स.को कार्यक्रमहरू वार्षिक योजनामा समावेश भएको। (आधार १,२) | सबै गै.स.सका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश भई कार्यान्वयन समेत भएको (आधार १,२,३) | १. वार्षिक कार्यक्रमको प्रति।<br>२. गैससहरुसँग समन्वय बैठक र निर्णयको माइन्युट ।<br>३. प्रगति प्रतिवेदन |

| **स्व-मूल्याङ्कन विषयक्षेत्र - ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन** | | | | |
|---|---|---|---|---|
| **३.३ परिमाणात्मक स्थिति** | | | | |
| **सूचक** | **नतिजा** | | | **प्रमाणीकरणको आधार** |
| | **कमजोर** | **सामान्य** | **उत्तम** | |
| ३.३.१ कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा। (असविव्यऐदफा ८ अनुसार राजस्वको क्षमता) | १०% सम्म | १०-२०% सम्म | २०% भन्दा बढी | वार्षिक वजेट तथा कार्यक्रमको प्रति। |
| ३.३.२ पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (वजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन) | ५०% भन्दा माथि | (५० देखि ३०) % सम्म | ३०% भन्दा कम | वार्षिक वजेट तथा कार्यक्रमको प्रति। |
| ३.३.३ वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा (असविव्यऐ दफा ८ अनुसार राजस्वको क्षमता) | यथावत वा कम | ५ प्रतिशत देखि १० % सम्म | १० % भन्दा बढी | आन्तरिक आयको अभिलेख। |

| | | | | |
|---|---|---|---|---|
| ३.३.४ गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स.को नगद लागत साझेदारी। (स्थाससंऐन दफा २५) | २०% भन्दा कम लागत साझेदारी भएको। | २०% देखि ३०% सम्म लागत साझेदारी भएको। | ३०% भन्दा बढी लागत साझेदारी भएको। | १. वार्षिक वजेट तथा कार्यक्रमको प्रति।<br>२. साझेदारी सम्बन्धी निर्णय पुस्तिका। |
| ३.३.५ समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट (असविव्यऐदफा १०) | विनियोजन नभएको | कार्यविधिले तोकेभन्दा बढी लागत साझेदारी गर्ने। | कार्यविधिले तोकेभन्दा बढी लागत साझेदारी गर्ने। | वार्षिक वजेट तथा कार्यक्रमको प्रति। |

| **स्व-मूल्याङ्कन विषयक्षेत्र - ४: वित्तीय एवम् आर्थिक व्यवस्थापन** | | | | | |
|---|---|---|---|---|---|
| **४.१ समग्र स्थिति** | | | | | |
| **सूचक क्षेत्र** | **अवस्था -१** | **अवस्था- २** | **अवस्था- ३** | **अवस्था- ४** | **प्रमाणीकरणको आदार** |
| ४.१.१ आन्तरिक स्रोत **(स्थाससंऐन दफा ६५)** | हाल सम्म आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा कुनै अध्ययन नभएको ।<br>(आधार नचाहिने) | आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव आंशिक रूपमा कार्यान्वन भएको।<br>(आधार १,२) | आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भएको।<br>(आधार १,२) | आन्तरिक स्रोतका दर र दायरा सम्बन्धमा अध्ययन भई प्राप्त सुझाव पूर्ण रूपमा कार्यान्वन भइ आन्तरीक आय बृद्धि भएको।<br>(आधार १,२) | १.राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन ।<br>२.राजस्वका दरहरुको सुची<br>३.आन्तरिक आयको तुलनात्मक अभिलेख |
| ४.१.२ वित्तिय अनुशासन (**असविव्यऐपरिच्छेद** ८, दफा २५ देखि ३२) | गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई कूल खर्चको ५% भन्दा वढी बेरुजू औंल्याईएको। | गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई अन्तिम लेखा परीक्षणले कूल खर्चको (३-५)% बेरुजू औंल्याएको। | गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण भई अन्तिम लेखा परीक्षणले कूल खर्चको (१-३)% बेरुजू औंल्याएको। | अन्तिम लेखा परीक्षणले कूल खर्चको १% भन्दा कम बेरुजू औंल्याएको। | १. लेखा परीक्षण प्रतिवेदन। |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ४ः वित्तीय एवम् आर्थिक व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| **४.२ प्रक्रियागत स्थिति** | | | | |
| **विषय सम्बन्धी सूचक** | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| ४.२.१ आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग (असविव्यिऐ, दफा ३२) | प्रयोग नगरिएको ।<br>(आधार नचाहिने) | आंशिक प्रयोग गरिएको<br>(आधार १,२) | पूर्ण रूपमा प्रयोग गरिएको<br>(आधार १,२) | १.निर्धारित पद्धति र ढाँचा अनुसार आयको विवरण<br>२.निर्धारित पद्धति र ढाँचा अनुसार व्ययको विवरण |
| ४.२.२ आय र व्ययको विवरण सार्वजनिकीकरण (असविव्यिऐदफा ३०) | आय-व्ययको विवरण सार्वजनिकीकरण गर्ने नगरिएको<br>(आधार नचाहिने) | आय-व्ययको विवरण सार्वजनिक गरिएको तर तोकिएको समय भित्र नगरिएको।<br>(आधार १,२) | आय-व्ययको विवरण तोकिएको समयभित्र सार्वजनिक गरिएको।<br>(आधार १,२) | १.आय-व्ययको आवधिक विवरण<br>२.समयभित्र वेबसाइट मार्फत सार्वजनिक गरेको अभिलेख । |
| ४.२.३ प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन (सा.ख.ऐन दफा ६, स्थाससंऐन दफा ८४ उपदफा २ को ट) | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको ।<br>(आधार १) | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई आशिंक कार्यान्वयन भएको ।<br>(आधार १,२) | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भई पूर्ण रूपमा कार्यान्वयन भएको ।<br>(आधार १,२) | १.वार्षिक खरिद योजना र खरिदको गुरु योजनाको प्रति<br>२.खरिद योजनाको वार्षिक समीक्षा प्रतिवेदन |
| ४.२.४ वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा (स्थाससंऐन दफा ७१ को ६) | गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र नगरेको।<br>(आधार नचाहिने) | गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र गरेको तर समीक्षा प्रतिवेदन सार्वजनिक नगरेको।<br>(आधार १,२) | गत आर्थिक वर्षको समीक्षा चालु आ.व.को पहिलो चौमासिकभित्र सम्पन्न गरी समीक्षा प्रतिवेदन सार्वजनिक गरेको।<br>(आधार १,२) | १.समीक्षाको कार्यक्रमको उपस्थिति<br>२.समीक्षा कार्यक्रमको प्रतिवेदन<br>३.समीक्षा प्रतिवेदन सार्वजनिक गरेको सार्वजनिक संचार माध्यमको प्रमाण |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ४: वित्तीय एवम् आर्थिक व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| **४.३ परिमाणात्मक स्थिति** | | | | |
| **सूचक** | **नतिजा** | | | **प्रमाणीकरणको आधार** |
| | **कमजोर** | **सामान्य** | **उत्तम** | |
| ४.३.१ रकमान्तर (स्थाससंऐन दफा ७९) | तोकिएको सीमा वा शीर्षक बाहिर गई रकमान्तर भएको। (आधार नचाहिने) | सभाबाट स्वीकृत गरेका कार्यक्रममा सीमा वा शीर्षक बाहिर गई रकमान्तर गरेको। (आधार १,२,३) | सभाबाट स्वीकृत गरेका कार्यक्रममा तोकिएको सीमा र शीर्षकभित्र मात्र खर्च भई रकमान्तर नगरेको। (आधार १,२,३) | १.स्वीकृत वार्षिक कार्यक्रम<br>२.संशोधित वार्षिक कार्यक्रम,<br>३.SUTRA बाट प्राप्त बजेट र खर्च विवरण |
| ४.३.२ प्रशासनिक खर्च (स्थाससंऐन दफा ७१ अनुसारको आय व्यय अनुमान अनुसार) | आन्तरिक आय र राजस्व बाँडफाँटबाट प्राप्त रकम भन्दा बढी प्रशासनिक खर्च भएको (आधार १,२) | आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट प्रशासनिक खर्च पुर्याएको। (आधार १,२,३) | आन्तरिक आय र राजस्व बाँडफाँट शीर्षकबाट प्रशासनिक खर्च पुर्याई पूँजीगत कार्यक्रममा समेत खर्च गरेको । (आधार १,२,३) | १. वार्षिक कार्यक्रम,<br>२. आन्तरिक आयको विवरण<br>३. SUTRA बाट प्राप्त बजेट र खर्च विवरण |
| ४.३.३ पूँजीगत खर्च (स्थाससंऐन दफा ७१ अनुसारको आय व्यय अनुमान अनुसार) | पूँजीगत बजेटको ६०% भन्दा कम खर्च गरेको। (आधार १,२) | पूँजीगत बजेटको (६०-८०)% सम्म खर्च गरेको। (आधार १,२) | पूँजीगत बजेटको ८०% भन्दा बढी खर्च गरेको। (आधार १,२) | १.SUTRA बाट प्राप्त बजेट र खर्च विवरण<br>२.आन्तरिक लेखा परीक्षण प्रतिवेदन |
| ४.३.४ राजस्व सङ्कलन (स्थाससंऐन दफा ७१) | राजस्व अनुमान को ७०% भन्दा कम राजश्व सङ्कलन भएको। (आधार १) | राजस्व अनुमान को (७०-९०)% राजश्व सङ्कलन भएको । (आधार १) | राजस्व अनुमान को ९०% भन्दा बढी राजश्व सङ्कलन भएको । (आधार १) | आन्तरिक राजस्वको लक्ष र सङ्कलित परिमाण देखिने दस्तावेज। |

| | | | | |
|---|---|---|---|---|
| ४.३.५ खर्च गर्ने अख्तियारी (स्थाससंऐन दफा ७३) | प्रमुख वा अध्यक्षले खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई नदिएको।<br>(आधार नचाहिने) | प्रमुख वा अध्यक्षले खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको समय भन्दा पछि दिएको।<br>(आधार १) | खर्च गर्ने अख्तियारी प्रमुख वा अध्यक्षले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई दिएको।<br>(आधार १) | अख्तियारीको प्रति । |

| स्व-मूल्याङ्कनविषयक्षेत्र - ५ः सेवाप्रवाह | | | | | |
|---|---|---|---|---|---|
| **५.१ समग्रस्थिति** | | | | | |
| **सूचकक्षेत्र** | **अवस्था -१** | **अवस्था - २** | **अवस्था — ३** | **अवस्था — ४** | **प्रमाणीकरणको आधार** |
| ५.१.१ सेवा प्रवाह (स्थाससंऐनदफा११) | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुने गरेको।<br>(आधार १) | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय समेत भएको ।<br>(आधार १) | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई ५० प्रतिशत कार्यान्वयन भएको।<br>(आधार १,२) | स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई पूर्ण रूपमा कार्यान्वयन भएको।<br>(आधार १,२) | १.कार्यपालिकाको बैठकको निर्णय<br>२.निर्णय कार्यान्वयन प्रगति प्रतिवेदन |
| ५.१.२ वडाले उपलब्ध गराउने सेवा (स्थाससंऐनदफा१२) | सबै वडामा कार्यालय स्थापना नगरी सयुक्त वडा कार्यालयबाट सेवाप्रवाह गर्ने गरिएको।<br>(आधार १) | सबै वडामा कार्यालयहरू स्थापना भएको।<br>(आधार १) | सबै वडामा कार्यालय स्थापना भई वडाबाट सेवाहरू प्रवाह भएको।<br>(आधार १,२) | सबै वडामा आफ्नै भवनमा कार्यालय स्थापना भई सबै सेवाहरू प्रवाह भएको।<br>(आधार १,२,३) | १.वडा कार्यालयहरू स्थापनाको विवरण<br>२.वडाबाट सेवा प्रवाहको विवरण<br>३.वडा कार्यालयको भवनको अभिलेख |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.१.३ सेवा प्रतिको सन्तुष्टी (स्थाससंऐनदफा ११,१२ को काम) | सेवाप्रवाह प्रति सेवाग्राहीहरुलाई सन्तुष्ट बनाउन नसकिएको। (आधार नचाहिने) | कार्यालयबाट प्रवाह भएका सेवाहरु मध्ये केही सेवाहरुमा मात्र सेवाग्राहीहरु सन्तुष्ट बनाउन सकिएको। (आधार १) | सेवाप्रवाहको स्तर सन्तोषजनक रहेको। (आधार १, ३) | सेवाप्रवाहवाट सेवाग्राही पूर्ण सन्तुष्ट भएको। (आधार १,२,३) | १.गुनासो वा उजूरी संख्या र निर्णय, २.उपभोक्ता सर्भे, ३.सार्वजनिक सुनुवाइको अभिलेख र तस्बिर/भिडियो |

| **स्व-मूल्याङ्कनविषयक्षेत्र - ५: सेवाप्रवाह** | | | | |
|---|---|---|---|---|
| **५.२प्रक्रियागत स्थिति** | | | | |
| **विषयसम्बन्धीसूचक** | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| ५.२.१ सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग (स्थाससंऐनदफा११ को उपदफा २ को ङ १) | सेवा प्रवाहमा उल्लेखित कुनै पनि सूचना प्रविधिको प्रयोग नभएको । (आधार नचाहिने) | सेवा प्रवाहमा उल्लेखित मध्ये २ प्रकारको सूचना प्रविधिको प्रयोग भएको । (आधार १,२,३) | सेवा प्रवाहमा उल्लेखित सबै प्रकारको सूचना प्रविधिको प्रयोग भएको। (आधार १,२,३) | १.टोकन प्रणाली २.अनलाईन रेजिस्ट्रेसन ३.कम्प्युटर विलिङ |
| ५.२.२ सेवा प्रवाहको मापदण्ड (SOP) (स्थाससं ऐन दफा ११ को उपदफा २ को ङ १) | कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार नभएको । (आधार नचाहिने) | कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार भएको तर कार्यान्वयन नभएको। (आधार १,२) | कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार भई कार्यान्वयन भएको । (आधार १,२,३) | १.निर्धारित गरिएका सेवाका मापदण्ड एवं सूचकहरु, २.वेबसाईटमा मापदण्ड राखिएको ३.मापदण्ड पालनाको समीक्षा प्रतिवेदन । |

| | | | | |
|---|---|---|---|---|
| ५.२.३ बैंकिंग प्रणालीबाट भुक्तानी<br>(स्थाससं ऐन दफा११ को उपदफा २ को ङ ७) | कार्यालयबाट गरिने भुक्तानीहरु बैंकिंग प्रणाली र नगदमा समेत हुने गरेको।<br>(आधार नचाहिने) | सबै भुक्तानीहरु बैंकिंग प्रणालीद्वारा गर्ने गरिएको।<br>(आधार १) | सबै भुक्तानीहरु बैंकिंग प्रणालीद्वारा भई e-Payment लागु गरेको।<br>(आधार १,२) | १.बैङ्किङ भुक्तानी प्रणाली<br>२. e-payment को लागि भएको सम्झौता |
| ५.२.४ वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था<br>(स्थाससंऐन१६को उपदफा ४ को ग को ६ र दफा१८ को उपदफा ३) | वडाहरुमा वडा अध्यक्षको अनुपस्थितिमा निजले उपलब्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था नगरेको<br>(आधार नचाहिने) | वडाहरुमा वडा अध्यक्षको अनुपस्थितिमा निजले उपलब्ध गराउनुपर्ने सेवाको वैकल्पिक व्यवस्था कहिले काँही/ केही वडामा गर्ने गरेको।<br>(आधार १ वा २) | सबै वडामा वडा अध्यक्ष अनुपस्थित हुँदा निजले उपलब्ध गराउनु पर्ने सेवाको वैकल्पिक व्यवस्था गर्ने गरेको।<br>(आधार १,२) | १.जिम्वेवारी तोकिएको पत्र को प्रति ।<br>२.अधिकार प्रत्यायोजनको प्रति । |

| **स्व-मूल्याङ्कनविषयक्षेत्र - ५: सेवाप्रवाह** | | | | |
|---|---|---|---|---|
| **५.३परिमाणात्मक स्थिति** | | | | |
| सूचक | **नतिजा** | | | **प्रमाणीकरणको आधार** |
| | **कमजोर** | **सामान्य** | **उत्तम** | |
| ५.३.१गुनासो फछ्र्यौट<br>(स्थाससं ऐन दफा ११ को उपदफा २ को ङ ७) | मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये ४०% भन्दा कम सम्बोधन भएको ।<br>(आधार १,२) | मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये (४०-८०)% सम्म सम्बोधन भएको ।<br>(आधार १,२) | मूल्याङ्कन अवधिमा प्राप्त गुनासोको अभिलेख राखी सो मध्ये ८०% भन्दा वढि सम्बोधन भएको ।<br>(आधार १,२) | १.गुनासो दर्ता किताव<br>२.गुनासो फर्छ्यौट सूची |

| | | | | |
|---|---|---|---|---|
| ५.३.२ सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी (स्थाससंऐन दफा११ को उपदफा २ को त २) | कूल लाभग्राहीको १/३ सम्म<br>(आधार १,२) | कूल लाभग्राहीको १/३ देखि २/३ सम्म<br>(आधार १,२) | कूल लाभग्राहीको २/३ भन्दा माथि<br>(आधार १,२) | १.लाभग्राहि संख्या र भुक्तानीको अभिलेख<br>२.बैंक सुविधा उपलब्ध भए बैंकको tatement |
| ५.३.३ जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या (स्थाससंऐ दफा ११ को उपदफा ४) | ७०% भन्दा कम<br>(आधार १) | ७०% देखि ९० %सम्म<br>(आधार १) | ९० % भन्दा वढी<br>(आधार १) | घटना दर्ता किताब |
| ५.३.४सार्वजनिक सुनुवाइ (स्थाससंऐ दफा ७८ को उपदफा ५) | मूल्याङ्कन अवधिमा १ पटक मात्र सार्वजनिक सुनुवाइ भएको।<br>(आधार १,२) | मूल्याङ्कन अवधिमा २ पटक सम्म सार्वजनिक सुनुवाइ भएको।<br>(आधार १,२) | प्रत्येक चौमासिकमा कम्तीमा १ पटक सार्वजनिक सुनुवाइ भएको।(आधार १,२) | १.सार्वजनिक सुनुवाइको अभिलेख पुस्तिका,<br>२.सार्वजनिक सुनुवाइको उपस्थिति पुस्तिका |
| ५.३.५ सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग (स्थाससंऐ दफा११ को उपदफा २ को ङ ७)<br>घुम्तीसेवाका क्षेत्रहरू खोप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवाहरू व्यक्तिगत घटना दर्ता आदि) | सेवा प्रवाह कार्यालयबाट मात्र सीमित रहेको ।<br>(आधार नचाहिने) | सेवा प्रवाहलाई पहुँच योग्य बनाउन कम्तीमा वर्षको १ पटक घुम्ती सेवाहरु सञ्चालन।<br>(आधार १) | सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार सबै वडामा घुम्ती सेवाहरु समेत सञ्चालन गर्ने गरेको।<br>आधार १) | घुम्ती सेवाको अभिलेख पुस्तिका |
| ५.३.६ शिक्षामा सबै बालबालिको पहुँच (स्थाससंऐ दफा११ को उपदफा २ को ज) | मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर ८० % भन्दा कम रहेको र गत वर्षको तुलनामा विद्यालय छोड्ने दर नघटेको।<br>(आधार १) | मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर (८०-९०) % भई गत वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% सम्म घटेको।<br>(आधार १) | मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर ९०% भन्दा वढि भई गत वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% भन्दा बढिले घटेको।<br>(आधार १) | Education MIS (EMIS) बाट विद्यार्थीको कक्षागत भर्ना र हाजिरी सहित समग्र स्थिति देखिने प्रतिवेदन। |

| | | | | |
|---|---|---|---|---|
| ५.३.७ स्वास्थ्य सेवामा नागरिकको पहुँच (स्थाससंऐे दफा११ को उपदफा २ को झ) | (क) नेपाल सरकारको नीति बमोजिम स्थापना र सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकतानुसार उपलब्ध नभएको ।<br><br>(ख) बालबालिकाको लागि अनिवार्य गरिएका खोप ८०% भन्दा कम बालबालिकाले मात्र प्राप्त गरेको ।<br><br>(आधार १,२) | (क) नेपाल सरकारको नीति बमोजिम स्थापना र सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकतानुसार उपलब्ध भएको ।<br><br>(ख) बालबालिकाको लागि अनिवार्य गरिएका खोप (८०-९०%) सम्म बालबालिकाले प्राप्त गरेको ।<br><br>(आधार १,२) | (क) नेपाल सरकारको नीति बमोजिम स्थापना र सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकतानुसार उपलब्ध भएको ।<br><br>(ख) बालबालिकाको लागि अनिवार्य गरिएका खोप ९०% भन्दा बढी बालबालिकाले प्राप्त गरेको।<br><br>(आधार १,२) | १. स्वास्थ्य संस्थाहरुमा जनशक्ती, उपकरण र औषधी आवश्यकता र परिपूर्तीको अवस्था झल्किने प्रतिवेदन<br>२. Health MIS (HMIS) बाट प्राप्त प्रतिवेदन (संचालित स्वास्थ्य संस्थाको विवरण, स्वास्थ्य संस्थामा भएको दरबन्दी र नियमित कार्यरत स्स्थ्यकर्मीको संख्या, स्वास्थ्य उपकरण र औषधी उपलव्धता, वर्थिङ्ग सुविधा, बालबालिकाको अभिलेख र खोप लिएका को रकर्ड ) लगायतको समग्र स्थिति देखिने गरी । |

| | | | | |
|---|---|---|---|---|
| ५.३.८ कृषि र पशु सेवा (स्थाससंऐ दफा ११ को उपदफा २ को ण र द) | स्थापना भएका कृषि तथा पशु सेवा केन्द्रमा आवश्यक जनशक्ति र माग अनुसारको सेवा र प्रविधि उपलब्ध नभएको।<br><br>(आधार १,२) | स्थापना भएका कृषि तथा पशु सेवा केन्द्र मध्ये केहीमा मात्र आवश्यक जनशक्ति र माग अनुसारको सेवा र प्रविधि उपलब्ध भएको ।<br><br>(आधार १,२) | स्थापना भएका सबै कृषि तथा पशु सेवा केन्द्रहरुमा आवश्यक जनशक्ति, माग अनुसारको सेवा र प्रविधि उपलब्ध भएको ।<br><br>(आधार १,२) | ३.कृषि सेवा केन्द्र संख्या, प्रति सेवाकेन्द्रले सेवा पुर्‍याउनु पर्ने क्षेत्र (हेक्टर), पशुसेवा केन्द्रहरु को संख्या, प्रति सेवा केन्द्रले पुर्‍याउनुपर्ने सेवा (पशु गोटा) लगायत कृषि र पशुसेवाकेन्द्रले पुर्‍याउनुपर्ने सेवाको मापदण्ड ।<br>४.मापदण्डको अनुपातमा हालको सेवाको अवस्था झल्कने विश्लेषणात्मक विवरण/प्रतिवेदन । |
| ५.३.९ स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरण (स्थाससंऐ दफा११ को उपदफा २ को ण ७) | स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका लागि कुनै नीतिगत र कार्यक्रमगत पहल नभएको ।<br><br>(आधार नचाहिने) | स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रमगत व्यवस्था गरेको तर सो अनुसार बजार व्यवस्थापन हुन नसकेको।<br>(आधार १,२) | स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रम व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापन भएको<br><br>(आधार १,२,३) | १. नीति र कार्यक्रम,<br>२. संस्थागत व्यवस्था,<br>३. बजारको व्यवस्था, |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ६: न्यायिक कार्य सम्पादन | | | | | |
|---|---|---|---|---|---|
| **६.१ समग्र स्थिति** | | | | | |
| **सूचक क्षेत्र** | **अवस्था -१** | **अवस्था -२** | **अवस्था -३** | **अवस्था -४** | **प्रमाणीकरणको आधार** |
| ६.१.१ न्याय सम्पादन (स्थाससंऐन दफा ४६ को उपदफा १, दफा ४९ को उपदफा १२) | न्यायिक समिति सञ्चालनका लागि कार्यविधि तयार नभएको।<br><br>(आधार नचाहिने) | न्यायिक समिति सञ्चालनको कार्यविधि तयार भएको तर कार्यविधि पालना नभएको।<br>(आधार १) | न्यायिक समिति सञ्चालनका लागि कार्यविधि निर्माण भएपनि कार्यविधिको आशिक पालना भएको ।<br>(आधार १,२) | न्यायिक समिति सञ्चालनका लागि कार्यविधि निर्माण भई कार्यविधि अनुसार कार्य सम्पादन भएको।<br>(आधार १,२) | १. न्याय सम्पादन कार्यविधिको प्रति<br>२. न्याय सम्पादनको अभिलेख, |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ६: न्यायिक कार्य सम्पादन | | | | |
|---|---|---|---|---|
| **६.२ प्रक्रियागत स्थिति** | | | | |
| **विषय सम्बन्धी सूचक** | **कमजोर** | **सामान्य** | **उत्तम** | **प्रमाणीकरणको आधार** |
| ६.२.१ मेलमिलाप कर्ताको व्यवस्था (स्थाससंऐन दफा ४९ को उपदफा ३) | मेलमिलापकर्ताको व्यवस्था नै नरहेको।<br>(आधार नचाहिने) | मेलमिलापकर्ताहरूलाई सुचिकृत नगरी, मेलमिलापका कार्यहरु गरेको<br>(आधार २,३) | सूचीकृत गरेको मेलमिलापकर्ताबाट मात्र मिलापत्र गराउने गरेको।<br>(आधार १,२,३) | १. मेलमिलापकर्ताहरुको सूची,<br>२. मेलमिलापकर्ता नियुक्तिको प्रति,<br>३. मेलमिलापका फैसलाहरुको सूची । |
| ६.२.२ न्यायिक समितिको निर्णय प्रकृया (स्थाससंऐन दफा ४९) | अधिकांश निर्णय संयोजकले मात्र गर्ने गरेको ।<br>(आधार १) | अधिकांश निर्णय बहुमतको आधारमा गर्ने गरेको ।<br>(आधार १) | निर्णय सर्वसम्मत हुने गरेको ।<br><br>(आधार १) | न्यायिक समितिका निर्णयहरुको अभिलेख (एकल/बहुमत/ सर्वसम्मत कानुनी प्रक्रिया समेत देखिने गरि तयार गरिएको सूची) |

| | | | | |
|---|---|---|---|---|
| ६.२.३ न्यायिक समितिको प्रतिवेदन प्रणाली (स्थाससंऐन दफा ५३ को उपदफा २) | प्रतिवेदन पेश गर्ने नगरेको।<br>(आधार नचाहिने) | प्रतिवेदन पेश भएको तर सभामा छलफल नगरेको।<br>(आधार १,२) | प्रतिवेदन पेश भई सभामा छलफल भएको।<br>(आधार १,२) | १. अध्यक्ष मार्फत सभामा प्रतिवेदन पेश भएको दर्ता किताव,<br>२. सभाको छलफल र निर्णय पुस्तिका। |

| **स्व-मूल्याङ्कन विषयक्षेत्र - ६ः न्यायिक कार्य सम्पादन** | | | | |
|---|---|---|---|---|
| **६.३ परिमाणात्मक स्थिति** | | | | |
| **सूचक** | **नतिजा** | | | **प्रमाणीकरको आधार** |
| | **कमजोर** | **सामान्य** | **उत्तम** | |
| ६.३.१ उजूरी फर्छ्यौट। (स्थाससंऐन दफा ४९ को उपदफा २ र ४) | मूल्याङ्कन अवधिमा प्राप्त उजुरिको ५० % भन्दा कम फछ्यौंट भएको ।<br>(आधार १,२) | मूल्याङ्कन अवधिमा प्राप्त उजूरीको (५०-७०) % सम्म फछ्यौंट भएको ।<br>(आधार १,२) | मूल्याङ्कन अवधिमा प्राप्त उजूरीको ७० % भन्दा बढी फछ्यौंट भएको।<br>(आधार १,२) | १. उजूरी दर्ता किताव,<br>२. उजूरी फश्यौंट किताव |
| ६.३.२ न्यायिक समितिको निर्णय उपर पुनरावेदन (स्थाससंऐन दफा ५१) | समितिले फछ्यौंट गरेका कूल उजूरी मध्ये ५०% भन्दा बढी विवाद पुनरावेदनमा गएको ।<br>(आधार १,२) | समितिले फछ्यौंट गरेका कूल उजूरी मध्ये १०-५०% सम्म विवाद पुनरावेदनमा गएको ।<br>(आधार १,२) | समितिले फछ्यौंट गरेका कूल उजूरी मध्ये १०% भन्दा कम विवाद पुनरावेदनमा गएको ।<br>(आधार १,२) | १. उजूरी फश्यौंट सूची<br>२. पुनारावेदन परेका उजूरी सूची |
| ६.३.३ मेलमिलाप केन्द्र गठन (स्थाससंऐन दफा ४९ को उपदफा १०) | कुनै पनि वडामा मेलमिलाप केन्द्र गठन नभएको।<br>(आधार १,२) | केही वडामा मात्र मेलमिलाप केन्द्र गठन भई सञ्चालनमा आएको।<br>(आधार १,२) | सबै वडामा मेलमिलाप केन्द्र गठन भई सञ्चालनमा आएको।<br>(आधार १,२) | १. मेल मिलाप केन्द्र गठन भएको निर्णय पुस्तिका,<br>२. सबै वडामा मेलमिलाप केन्द्रको कार्यसञ्चालन भएको निर्णय पुस्तिका |

| स्व-मूल्याङ्कन विषयक्षेत्र - ७: भौतिक पूर्वाधार | | | | | |
|---|---|---|---|---|---|
| ७.१ समग्र स्थिति | | | | | प्रमाणीकरणको आधार |
| सूचक क्षेत्र | अवस्था -१ | अवस्था- २ | अवस्था- ३ | अवस्था- ४ | |
| ७.१.१ सडक यातायात गुरूयोजना अनुसार सडक पूर्धाधार निर्माण | सडक यातायात गुरूयोजना तयार नभएको | सडक यातायात गुरूयोजना अनुसार वार्षिक कार्यक्रम तर्जुमा गरिएको (आधार १) | सडक यातायात गुरूयोजनाले तोकेको सडकको क्षेत्राधिकार अनुसार नक्सा पास हुने गरेको र उक्त योजनाले तोकेको वार्षिक लक्ष्यको ६० प्रतिशत सडक निर्माण भएको (आधार १,२,३) | सडक यातायात गुरूयोजनाले तोकेको सडकको क्षेत्राधिकार अनुसार नक्सा पास हुने गरेको र उक्त योजनाले तोकेको वार्षिक लक्ष्यको ८० प्रतिशत सडक निर्माण भएको (आधार १,२,३) | १. सडक यातायात गुरू योजना<br>२. नक्सा पासको अवस्था<br>३. सडकको क्षेत्राधिकार निर्धारण |
| ७.१.२ जोखिम संवेदनशील भूउपयोग योजना (स्थाससंऐन, २०७४ को दफा २७.२) | जोखिम संवेदनशील भूउपयोग योजना तयार नभएको (आधार नचाहिने) | जोखिम संवेदनशील भूउपयोग योजना तयार भएको (आधार १) | जोखिम संवेदनशील भूउपयोग योजना तयार भई कार्यान्वयनमा आएको (आधार १,२,३) | जोखिम संवेदनशील भूउपयोग योजना अनुसार कम्तीमा बर्षमा एउटा जग्गा एकिकरण वा जग्गा विकास वा बस्ती विकास वा सम्पदा संरक्षण योजना कार्यान्वयनमा ल्याईएको (आधार १,२,३) | १. जोखिम संवेदनशील भूउपयोग योजना<br>२. वार्षिक विकास योजना<br>३. वार्षिक प्रगति प्रतिवेदन |
